कुश्मा नगरपालिका

# नगर कार्यपालिकाको कार्यालय

कुश्मा, पर्वत .

गण्डकी प्रदेश, नेपाल

## सूचना प्रविधि अधिकृत करारमा पदपूर्ति गर्ने सम्बन्धी सूचना

प्रथम पटक प्रकाशित मितिः २०८०/०८/१२

कुश्मा नगरपालिका नगर कार्यपालिकाको मिति २०८०/७/२२ को निर्णयानुसार यस कार्यालयमा रिक्त रहेको सूचना प्रविधि अधिकृत १ (एक) पद खुला प्रतिस्पर्धाबाट करारमा पदपूर्तिका लागि निम्न बमोजिम योग्यता पुगेका इच्छुक नेपाली नागरिकले १५ (पन्ध्र) दिन भित्र माग बमोजिमका विवरण र राजस्व तिरेको रसिद सहित कुश्मा नगरपालिकाको प्रशासन शाखामा निवेदन पेश गर्न यो सूचना प्रकाशन गरिएको छ ।

| क.स | विज्ञापन नं | पद | तह | माग संख्या |
|---|---|---|---|---|
| १. | ०५-०८०/८१ | सूचना प्रविधि अधिकृत | स्थानीय सेवाको अधिकृत छैटौं तह सरह | १ (एक) |

१.आवश्यक न्यूनतम योग्यता र अनुभव

क) मान्यता प्राप्त शिक्षण संस्थाबाट कम्प्यूटर विज्ञान वा कम्प्यूटर इन्जिनियरिङ्ग वा सूचना प्रविधि मूल विषय सहित स्नातक तह वा सो सरह उत्तिर्ण भएको

ख) दरखास्त दिने अन्तिम मितिमा कम्तीमा २१ वर्ष पूरा भई ३५ वर्ष (महिलाको हकमा ४० वर्ष) ननाघेको

ङ) सरकारी सेवाका लागि अयोग्य ठहरिने गरी कुनै कारबाही नभएको

२ .दरखास्त दिने अन्तिम मितिः २०८०/८/२६ गते सम्म (यदि आवेदन दिने अन्तिम मितिमा सार्वजनिक विदा परेमा सो को भोलिपल्ट समेत दरखास्त फाराम बुझाउन सकिने छ )

३. आवेदनको दस्तुरः रु १२०० (एक हजार दुई सय रुपैया मात्र)

४. छनौटको किसिमः कुश्मा नगरपालिकामा करारमा प्राविधिक कर्मचारी व्यवस्थापन गर्ने सम्बन्धी कार्यविधि, २०७६ बमोजिम प्रारम्भिक योग्यताक्रमको सूचि , लिखित तथा अन्तर्वार्ता

५.लिखित परीक्षा हुने मितिः प्रारम्भिक सुचीकरणको नतिजा प्रकाशन गर्दा सूचना गरिनेछ ।

६.आवेदन साथ संलग्न कागजातहरुः- नेपाली नागरिकताको प्रतिलिपी, न्यूनतम शैक्षिक योग्यताको प्रमाणपत्रको प्रतिलिपी, कार्य अनुभव भए सोको कागजातहरु उम्मेदवार स्वयंले प्रमाणित गरि पेश गर्नुपर्ने छ ।

७. लिखित परीक्षाको पाठयक्रमः लोक सेवा आयोगले नेपाल विविध सेवा, रा.प तृतिय श्रेणी कम्प्यूटर अधिकृत पदको खुल्ला प्रतियोगिताको पाठयक्रम बमोजिम बस्तुगत प्रश्नहरु हुनेछ ।

८. सेवा सुविधाः स्थानीय तहको अधिकृतस्तर छैटौ तह सरह ।

९ अन्यः आवेदनको ढाँचा र अन्य विस्तृत जानकारीको लागि कार्यालयको website www.kushmamun.gov.np बाट उपलब्ध हुनेछ साथै थप जानकारीका लागि कार्यालयको फोन नं ०६७-४२०१४१ मा सम्पर्क गर्न सकिनेछ ।

विष्णु प्रसाद तिवारी
प्रमुख प्रशासकीय अधिकृत